# स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्याभोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ९६१०८२
दर्ता मिति: २०८२।०५।२२

सचिव

प्रस्तावनाः मानव विकास सूचकाङ्कमा पछाडी परेका जिल्लाका विपन्न, बहुविपन्न र एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिन, आर्थिक तथा सामाजिक अवसर र लाभ प्रदान गर्न साथै महिलाको सशक्तीकरण गरी राष्ट्रिय विकासमा मूलप्रवाहीकरण गर्नका लागि राष्ट्रिय महिला सशक्तीकरण परियोजना अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

## परिच्छेद -२

## परिभाषा

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले स्थानीय तहमा सञ्चालन हुने जीविकोपार्जन सुधार कार्यक्रम सम्झनुपर्छ।

(ख) "जीविकोपार्जन सुधार" भन्नाले जीवन धान्नका लागि सीप, पुंजी (भौतिक र सामाजिक) र क्रियाकलापहरू परिचालन गरी पेशा, व्यवसाय, उद्यम तथा कमाईलाई स्तरोन्नती गरी आयआर्जन बढाउँदै सम्वन्धित व्यक्तिको जीवनस्तरमा आउने सुधारलाई नै जीविकोपार्जन सुधार सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ।

(घ) "मुलप्रवाहीकरण" भन्नाले विकासको मुलधारबाट अलगिएका उपेक्षित वा पछाडी परेका/पारिएका वर्ग, लिङ्ग, जाती र समुदायलाई समावेशी दृष्टिकोणबाट विभेदको अन्त्य गर्दै समान अवसर र पहुँच उपलब्ध गराई विकासको मूलधारमा ल्याउने प्रक्रियालाई नै मुलप्रवाहीकरण सम्झनुपर्छ ।

(ङ) "महिला सशक्तीकरण" भन्नाले राज्यले विकास अवधारणाको माध्यमबाट अधिकारमा आधारित नीतिगत, कानुनी र संस्थागत सुधार गर्दै महिला लक्षित विकास कार्यक्रम सञ्चालन गरी हरेक तह र क्षेत्रमा महिलाको सार्थक सहभागिता सुनिश्चित गर्दै

सचिव

महिलामा अन्तर्निहित क्षमतालाई अभिबृद्धि गरी आत्मनिर्भर बनाउनुलाई नै महिला सशक्तीकरण सम्झनुपर्छ ।

(च) "लक्षित महिला" भन्नाले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपाङ्गता भएका महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्ति, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका महिला तथा आर्थिक रूपले विपन्न खस आर्य महिलालाई सम्झनुपर्छ ।

(छ) "विपन्न वा बहुविपन्न महिला' भन्नाले कहिल्यै विद्यालय नगएका वा गएतापनि विद्यालय शिक्षा (SEE) परीक्षा उतीर्ण गर्न नसकेका शैक्षिक रूपमा वञ्चित वा आफ्नो जग्गा वा आम्दानीको नियमित श्रोतबाट वार्षिक गुजारा चलाउन नपुग्ने, आर्थिक रूपमा विपन्न वा बहुविपन्न परिवारका महिला सम्झनुपर्छ ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनुपर्छ ।

(झ) "सहकारी खेती" भन्नाले महिलाद्वारा सञ्चालित संस्थाले बहुवर्षीय रुपमा आफ्ना सदस्यहरूलाई प्रत्यक्षः संलग्न गराई सामूहिक वा व्यक्तिगत जोखिममा सञ्चालन गर्ने खेतीपातीलाई सम्झनुपर्छ । सो शव्दले सामूहिक वा व्यक्तिगत जोखिममा गरिने पशुपालन, माछापालन, रेशम खेती, मौरीपालन, कुखुरापालन लगायतका व्यवसायलाई समेत सम्झनुपर्छ ।

(ञ) "सीमान्तकृत समुदाय" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि परेका, विभेद, उत्पीडन तथा भौगोलिक विकटताका कारण सेवा सुविधाको उपभोगबाट वञ्चितरहेका, मानव विकास सूचकाङ्कमा समेत न्यून स्थितिमा रहेका समुदाय सम्झनुपर्छ र सो शब्दले लोपोन्मुख समुदायलाई पनि जनाउँछ ।

(ट) "संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका संस्था तथा सहकारी संस्थालाई सम्झनुपर्छ ।

## परिच्छेद -३

## कार्यक्रमको उद्देश्य र कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

३. कार्यक्रमको उद्देश्यः जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) विपन्न वा बहुविपन्न महिलाहरुलाई रोजगारमा आवद्ध गराई जीवनस्तरमा बढोत्तरी ल्याउनु,

(ख) स्थानीय श्रोत साधन समेतको समुचित प्रयोग गर्दै उद्यमशीलता विकासको माध्यमबाट महिलाहरूको आर्थिक सशक्तीकरण गर्नु,

(ग) आय आर्जन तथा जीविकोपार्जन सुधारका माध्यमबाट महिला सशक्तीकरण र महिलाद्वारा स्थापित तथा सञ्चालित संस्थाको क्षमता अभिवृद्धि गर्नु,

(घ) सीमान्तकृत समुदायका महिलालाई उद्यमशीलता विकासका माध्यमबाट जीवनस्तरमा सुधार गर्नु ।

४. कार्यक्रम सञ्चालन हुने जिल्ला तथा स्थानीय तहः (१) मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लाका स्थानीय तहहरूमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लागत विवरण अनुसूची-२ बमोजिम रहेकोछ ।

५. छनौटका आधारहरुः मानव विकास सूचकाङ्कमा पछाडि रहेका जिल्लाका स्थानीय तहको छनौट मन्त्रालयबाट गरिनेछ ।

तर आ.व. २०८२/८३ को हकमा मन्त्रालयको वार्षिक कार्यक्रमबाट स्वीकृत भई वित्तिय हस्तान्तरण भएको अनुसूची-३ बमोजिमका स्थानीय तहहरुमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्न वाधा पर्ने छैन।

६. अपेक्षित उपलब्धीः यस कार्यविधि बमोजिम छनौट भएका स्थानीय तहमा सञ्चालन गरिने जीविकोपार्जन सुधार कार्यक्रमको अपेक्षित उपलब्धी अनुसूची-१ बमोजिम हुनेछ।

७. जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिने व्यवसायको क्षेत्रः (१) यस कार्यक्रमबाट मूलतः देहायका कृषि, पशुपालन तथा उत्पादनमुलक क्षेत्र, पर्यटन तथा आतिथ्यता क्षेत्र र गैह्र कृषि क्षेत्रमा केन्द्रित भई स्थानीय तहका विपन्न महिलालाई आधारभूत सीप विकास तालिम तथा सीप अभिवृद्धि तालिम प्रदान गरिनेछ।

(क) कृषि, पशुपालन तथा उत्पादनमुलक क्षेत्रः सहकारी खेती, सामूहिक खेती, आधुनिक खेती, पशुपालन, माछापालन, माहुरीपालन लगायत कुनै पनि क्षेत्रको कृषि उत्पादनमा आधारित उत्पादनमूलक व्यवसाय सम्बन्धी कार्यहरू,

(ख) पर्यटन तथा आतिथ्यता क्षेत्रः होमस्टे, ट्रेकिङ, टुर गाइड, स्थानीय श्रोत, साधन र संस्कृतिमा आधारित व्यवसाय सम्बन्धी कार्यहरू,

(ग) गैह्रकृषि क्षेत्रः वनपैदावार, लोक्ता कागज उद्योग, अल्लो, जडीबुटी उत्पादन तथा प्रशोधन, ढाका बुनाई, होजियारी, मिथिला आर्ट, थान्काचित्र, पौवाचित्र, बेकरी, हस्तकलाका सामान, ड्राइभिङ, प्लम्बिङ, क्रिस्टल, इलेक्ट्रीसियन लगायतका व्यवसाय सम्बन्धी कार्यहरू ।

(२) उपदफा (१) मा उल्लेखित क्षेत्रबाहेक अन्य क्षेत्रमा खर्च गर्न पाइने छैन ।

८. टेवा पूँजी अनुदानः (१) सीप विकास तालिम तथा सीप अभिवृद्धि तालिम प्राप्त गरेका लक्षित महिलालाई व्यवसाय स्थापना र सञ्चालन खर्च (टेवा पूँजी) प्रति व्यक्ति बढीमा रु. २६ हजारका

दरले अनुदान सहयोग उपलब्ध गराई स्वरोजगार तथा रोजगार सिर्जना गर्ने कार्यमा सहयोग समेत गरिनेछ।

(२) व्यवसाय थालनी, विकास र विस्तारका लागि संस्था/स्थानीय तहले तयार गरेको व्यवसायिक योजना बमोजिम तालिम प्राप्त लक्षित महिलालाई टेवा पुँजी स्वरुप अनुदान उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद -४

## सूचना प्रकाशन, मूल्याङ्कन तथा छनौट प्रक्रिया

९. सूचना प्रकाशन तथा प्रस्ताव आह्वानः (१) सम्बन्धित स्थानीय तहले कार्यक्रम सञ्चालन गर्ने संस्था छनौटका लागि प्रस्ताव आह्वानको पन्ध्र दिनको सार्वजनिक सूचना स्थानीय तहको वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना स्थानीय तहको वेबसाइट र सूचना पाटीमा, स्थानीय तह मातहतका वडा कार्यालयहरु, विद्यालयहरु तथा स्वास्थ्य संस्थामा समेत टाँस गर्नुपर्नेछ। साथै उक्त सूचना जिल्ला प्रशासन कार्यालयको सूचना पाटीमा समेत टाँस गर्न पठाउन पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रथम पटक सूचना प्रकाशन गर्दा तालिम कार्यक्रम सञ्चालन गर्न कुनैपनि संस्थाबाट प्रस्ताव पेश नभएमा दोश्रो पटक पूनः सात दिनको सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्नेछ ।

(४) दोश्रो पटक सूचना प्रकाशन गर्दा समेत तालिम कार्यक्रम सञ्चालन गर्न कुनै पनि प्रस्ताव पेश हुन नआएमा स्थानीय तह स्वयंले प्रकाशित सूचनालाई आधार बनाई प्रस्ताव मुल्यांकन तथा छनौट सिफारिस समितिबाट निर्णय गराई यस कार्यविधि अनुसार तालिम कार्यक्रम सञ्चालन गर्न सक्नेछ। स्थानीय तह मार्फत तालिम सञ्चालन गर्ने निर्णयको जानकारी मन्त्रालयमा समेत गराउनु पर्नेछ।

१०. प्रस्ताव पेश गर्ने निकायः जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्नका लागि इच्छुक संस्थाले दफा ९ बमोजिमको सूचनाको आधारमा सम्बन्धित स्थानीय तहमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

११. प्रस्ताव पेश गर्ने संस्थाको योग्यताः (१) कार्यक्रम सञ्चालनको प्रस्ताव पेश गर्ने संस्थाको योग्यता देहायबमोजिम हुनुपर्नेछः-

(क) प्रचलित कानुन बमोजिम दर्ता र नवीकरण भएको,

(ख) प्रत्येक वर्ष लेखापरीक्षण सम्पन्न गरी सोको प्रतिवेदन तयार भएको,

(ग) प्रचलित कानुन बमोजिम अयोग्य नरहेको ।

(२) कार्यक्रम सञ्चालनको प्रस्ताव आह्वानको सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिम संस्था दर्ता भई कार्य सञ्चालन गरिरहेकाले मात्र प्रस्ताव पेश गर्न सक्नेछन ।

(३) संस्थाले लक्षित महिलाहरूलाई सीप तथा व्यावसायिक विकास तालिम प्रदान गरी व्यक्तिगत वा सामूहिक रूपमा आयआर्जन हुने व्यवसाय सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्नुपर्नेछ ।

(४) संस्था/स्थानीय तहले व्यवसायको प्रकृति हेरी दफा १२ मा उल्लेख भए बमोजिमका पच्चीस जना लक्षित महिलालाई सहभागी गराई कम्तीमा पाँच दिने तालिम प्रदान गर्ने गरी व्यवसायिक योजना पेश गर्नुपर्नेछ। सञ्चालन गरिने तालिमको प्रकृति अनुसार अवधि बढाउनु परेमा स्थानीय तह वा संस्था स्वयम्ले आफ्नो श्रोतबाट तालिम अवधि वढाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम थप हुने अवधिका लागि श्रोत खुलाई सोको सुनिश्चितताको यथार्थ विवरण दोहोरो नपर्ने गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

(६) संस्था/स्थानीय तहले तालिम कार्यक्रमको कार्यतालिकामा सीप तथा व्यावसायिक विकासका सत्रहरू अनिवार्य रुपमा समावेश गरी तालिमको अवधि, विषय, विधि र अन्य सत्रहरु समेत खुलाई पेश गर्नु पर्नेछ ।

१२. संस्थाले लक्षित समुदायका महिला छनौट गर्दा लिनुपर्ने आधारहरुः (१) संस्थाले जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत सीप तथा व्यवसायिक विकास तालिम सञ्चालन गर्दा लक्षित समुदायका एक परिवारबाट एकभन्दा बढी महिला सदस्य नपर्ने गरी देहायका आधारमा सहभागी छनौट गर्नुपर्नेछ।

(क) विपन्न वा बहुविपन्न महिला,

(ख) एकल महिला

(ग) हिंसा पिडित, मानव बेचविखन तथा ओसारपसारबाट पिडित/प्रभावित महिला,

(घ) भूमिहिन महिला, सीमान्तकृत समुदाय तथा दलित समुदायका विपन्न महिला,

(ङ) कृषि बाहेक अन्य कुनै नियमित रोजगारी/आर्यआर्जनका श्रोत नभएको परिवारका महिला।

(२) उपदफा (१) बमोजिम लक्षित महिला छनौट गर्दा वहुआयामिक बञ्चितिमा परेका महिलालाई प्राथमिकता दिनु पर्नेछ।

१३. प्रस्तावसाथ संलग्न हुनुपर्ने विवरण तथा कागजातः (१) प्रकाशित सूचनामा तोकिएको अवधि भित्र संस्थाद्वारा कार्यक्रमको अवधारणापत्र र व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा देहायको विवरण खुलाई कागजात समेत संलग्न गरेको हुनुपर्दछः-

(क) संस्थाको विधान वा उद्देश्य, परिचय, कार्यसञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय श्रोत सम्बन्धी विवरण,

(ख) प्रस्तावित व्यवसायको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र श्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,

(ग) प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(घ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि तथा लेखापरीक्षण प्रतिवेदन,

(ङ) प्रस्तावित कार्यक्रममा संस्थाद्वारा गरिने योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको श्रोत सहितको यथार्थ विवरण,

(च) कालोसूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वःघोषणा पत्र,

(छ) संस्थाले तालिममा सहभागी भएका लक्षित महिलाका लागि अनुसूची-५ बमोजिमको ढाँचामा कृषि, पशुपालन तथा उत्पादनमुलक क्षेत्र, पर्यटन तथा आतिथ्यता क्षेत्र र गैह्र कृषि क्षेत्र मध्ये एउटा क्षेत्र छनौट गरी व्यवसायिक योजना पेश गर्नु पर्नेछ ।

(ज) व्यावसायिक योजना पेश गर्दा तालिम प्रदायक संस्था/स्थानीय तहले दफा १२ मा उल्लेख भएका लक्षित समुदायका महिलाको आयआर्जन, जीविकोपार्जन सुधार तथा आर्थिक सशक्तीकरण हुने कार्यान्वयन कार्ययोजना समेत संलग्न गरी प्रस्ताव पेश गर्नु पर्नेछ।

१४. प्रस्ताव मूल्याङ्कनका आधार तथा प्रक्रियाः (१) प्रस्ताव मूल्याङ्कनका आधार तया प्रक्रियाहरू देहाय बमोजिम हुनेछन्ः–

(क) सम्बन्धित जिल्ला/स्थानीय तहमा दर्ता भई स्थानीय तहलाई कार्यक्षेत्र बनाई कार्य गरिरहेको संस्थालाई बढी प्राथमिकता दिने ।

(ख) संस्थाको उद्देश्य, व्यवसायको क्षेत्र, संस्थाको संरचना, संस्था दर्ता तथा सञ्चालन, व्यवस्थापकीय कुशलता, स्थानीय श्रोत साधनको परिचालन अनुसार पूर्णाङ्क सय हुने गरी अनुसूची-६ बमोजिमका मूल्याङ्कनका आधारमा संस्थाको छनौट गरिनेछ।

(ग) संस्था छनौट गर्दा संस्थाको विगतको व्यावसायिक कामको अनुभवका साथै भौगोलिक विकटता एवं विपन्न महिलाहरूलाई समेटिएको प्रस्तावलाई प्राथमिकता दिने।

(घ) पेश भएका प्रस्तावहरु मध्ये मूल्याङ्कनमा बढी अङ्क प्राप्त गर्ने संस्थालाई छनौट गरिनेछ तथा दोश्रो उच्च अङ्क प्राप्त गर्ने संस्थालाई वैकल्पिक संस्थाको रुपमा राखी सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ।

१५. प्रस्ताव मूल्याङ्कन तथा छनौट सिफारिस समितिः स्थानीय तहमा दर्ता हुन आएका प्रस्तावहरू मूल्याङ्कन गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा छनौट सिफारिस समिति रहनेछः-

(क) स्थानीय तह उपप्रमुख/उपाध्यक्ष -संयोजक

सचिव

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत -सदस्य

(ग) सामाजिक विकास शाखा प्रमुख -सदस्य

(घ) लेखा प्रमुख -सदस्य

(ङ) महिला सम्वन्धी विषय हेर्ने महिला कर्मचारी/तोकिएको कर्मचारी -सदस्य-सचिव

१६. प्रस्ताव मूल्याङ्कन तथा छनौट सिफारिस समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछः–

(क) अनुसूची-६ बमोजिम मूल्याङ्कनका आधारमा प्रस्ताव मूल्याङ्कन गर्ने,

(ख) पहिलो उच्च अङ्क प्राप्त गर्ने संस्थालाई सिफारिस तथा छनौट गर्ने तथा दोस्रो उच्च अङ्क प्राप्त गर्ने संस्थालाई वैकल्पिकको रुपमा सिफारिस गर्ने ।

(ग) सिफारिस तथा छनौट गरिएको संस्थाको जानकारी स्थानीय तहको वेवसाइट/सूचना पाटीमा प्रकाशन गरी जानकारी दिने ।

१७. कार्यक्रम कार्यान्वयन तथा सम्झौताः कार्यक्रम कार्यान्वयन तथा संस्था छनौट देहाय बमोजिम हुनेछः-

(१) दफा १६ बमोजिमको समितिले सिफारिस तथा छनौट गरेका संस्थालाई टेलिफोन, इमेल आदि माध्यमबाट सम्झौता गर्न आउन सात दिनको म्याद दिई सूचना तथा जानकारी गराउने,

(२) उपदफा (१) बमोजिम छनौट भएको जानकारी प्राप्त गरेको मितिले सात दिनभित्र सम्झौता गर्न आउनु पर्नेछ। सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न सिफारिस तथा छनौट भएको संस्थालाई कार्यादेश दिने,

(३) छनौट भएको संस्था तोकिएको समय सीमाभित्र सम्झौता गर्न नआएमा वैकल्पिक रुपमा सिफारिश भएको संस्थासँग सम्झौता गर्ने,

(४) सम्झौता पश्चात कार्यक्रम कार्यान्वयन गरिने मिति र स्थान सम्वन्धी सूचना महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला सशक्तीकरण परियोजनाको ईमेल (pup.mowcsc@gmail.com) ठेगानामा समेत जानकारी गराउनु पर्नेछ।

## परिच्छेद -५

## कार्यक्रमको अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन

१८. कार्यक्रम कार्यान्वयनको अनुगमनः (१) कार्यक्रम कार्यान्वयनको अनुगमन मन्त्रालय र सम्बन्धित स्थानीय तहबाट हुनेछ ।

(२) कार्यक्रम कार्यान्वयनमा द्विविधा/समस्या उत्पन्न भएमा आवश्यक सुझाव र निर्देशनका लागि मन्त्रालयसँग समन्वय/सहकार्य गर्न सकनेछ।

सचिव

१९. <u>कार्यक्रम कार्यान्वयन गर्ने संस्थाको जिम्मेवारीः</u> (१) संस्थाले स्थानीय तहसँग सम्झौता गरे पश्चात कार्यदिश, सम्झौता, पेश गरिएको प्रस्ताव र कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । साथै निम्न लिखित बुँदाहरुका आधारलाई समेत अबलम्बन गर्नु पर्नेछ।

(क) स्थानीय तहसँग समन्वय गरी कार्यक्रमलाई प्रभावकारी बनाउने ।

(ख) कार्यक्रमका सहभागी लक्षित महिलाहरूले तालिम पश्चात सञ्चालन गर्ने व्यवसायलाई उपलब्धिमूलक र आयआर्जनमूलक बनाउन उपायहरु अबलम्बन गर्ने ।

(ग) लक्षित महिलाले व्यवसायिक/सीप विकास तालिम पश्चात प्राप्त गरेको टेवा पुँजी अनुदानलाई अनिवार्य रूपमा सम्बन्धित व्यवसायमा नै परिचालन गरी व्यवसाय थालनी, विकास र विस्तार गरेको भनी सुनिश्चितता गर्ने।

(घ) कार्यविधिमा उल्लेख भए बमोजिम कार्यक्रम सञ्चालन गर्दा मितव्ययी र प्रभावकारी रूपमा खर्च गरी सोको श्रेस्ता स्थानीय तहमा पेश गर्ने।

(ङ) स्थानीय तहले दिएको निर्देशन पालन गरी कार्यक्रमलाई व्यवस्थित बनाउने ।

(च) सहभागीले सञ्चालन गर्ने व्यवसायलाई आगामी दिनमा निरन्तरताको लागि प्राविधिक सहयोग र बजारीकरणको उपायहरू अवलम्बन गर्ने ।

(छ) तालिममा सहभागी भएका महिलाको व्यवसाय पूर्णरुपमा सफल तथा स्थापित नभएसम्म महिनाको एकपटक बैठक राखी व्यवसाय प्रवर्द्धन र बजारीकरणमा देखिएका समस्याहरुमा छलफल गरी समाधानको उपाय पहिल्याउने ।

(ज) तालिम सञ्चालनका क्रममा नजिकैको कुनै उत्कृष्ट व्यवसाय र असल अभ्यासको स्थलगत अवलोकन तथा व्यवसायीसँग साक्षात्कार समेत गराउने व्यवस्था गर्ने ।

(झ) कार्यक्रम सञ्चालन पश्चात सम्बन्धित स्थानीय तहमा प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद-६

## <u>भुक्तानी तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था</u>

२०. <u>अनुदान निकासा प्रक्रियाः</u> कार्यक्रम सञ्चालनका लागि नेपाल सरकारबाट विनियोजन भएको रकम यसै कार्यविधि बमोजिम खर्च गर्ने गरी स्थानीय तहलाई सशर्त अनुदानको रुपमा अनुसूची-७ बमोजिमको रकम उपलब्ध हुनेछ। संस्था/स्थानीय तहले तालिम सञ्चालन गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिकामा तोकिएको मापदण्ड भन्दा बढी नहुने गरी खर्च गर्नुपर्नेछ।

२१. <u>कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने सहयोगः</u> (१) स्थानीय तहमा छनौट भएका संस्थामार्फत सीप तथा व्यावसायिक तालिम तथा व्यवसाय स्थापना खर्च अनुदान उपलब्ध गराईनेछ।

(२) सम्बन्धित स्थानीय तहले सूचना प्रकाशन गरी विधिवत रूपमा छनौट भएका संस्था वा स्थानीय तह स्वयंमले जीविकोपार्जन सुधार कार्यक्रम, सीपमूलक तथा व्यवसायिक तालिममा सहभागी

भएका २५ जना महिलाहरूलाई व्यवसाय स्थापना/सञ्चालन गर्न अनुसूची-७ को बाँडफाँड बमोजिमको व्यवसाय सञ्चालन खर्च अनुदान रकम बैङ्क खाता मार्फत उपलब्ध गराउनु पर्नेछ।

२२. भुक्तानी, खर्च, लेखापरीक्षण र प्रतिवेदनः (१) यस कार्यक्रमबाट अनुदान प्राप्त गर्ने संस्थालाई तालिम कार्यक्रम सञ्चालन र व्यवसाय सञ्चालन खर्च अनुसूची-७ को बाँडफाँड बमोजिमको अनुदान रकम सम्झौता भए पश्चात प्रचलित कानून बमोजिम ७५% पेश्की स्वरुप रकम उपलब्ध गराइनेछ । कार्यक्रम सम्पन्न भए पश्चात बिल भरपाई, प्रतिवेदनको आधारमा पेश्की फछ्र्यौट गरी बाँकी रकम सोधभर्ना गराइनेछ।

(२) संस्था/स्थानीय तहले लक्षित महिलालाई प्रदान गर्ने व्यवसाय स्थापना/सञ्चालन खर्च टेवा पुँजी अनुदान रकम एकमुष्ट रुपमा लक्षित महिलाको बैङ्क खातामा उपलब्ध गराउनु पर्नेछ ।

(३) सम्झौता विपरित कार्य भए/गरेको देखिएमा सबै अनुदान रकम असुल उपर गरी प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

(४) सम्झौता बमोजिम कार्य सञ्चालन नगरेमा संस्थासँग स्थानीय तहले जुनसुकै समयमा सम्झौता रद्द गर्न सक्नेछ।

(५) सम्झौता रद्द गर्नु पूर्व सम्बन्धित संस्थालाई आफ्नो सफाई पेश गर्न स्थानीय तहले सात दिनको मनासिब मौका प्रदान गर्न सक्नेछ।

(६) स्थानीय तहबाट संस्थालाई रकम भुक्तानी दिंदा संस्थाको बैंक खातामा उपलब्ध गराउनु पर्नेछ ।

(७) तालिम कार्यक्रम सञ्चालन पश्चात सम्बन्धित संस्था/स्थानीय तहले प्रचलित कानुन बमोजिमको खर्चको फाँटवारी तयार समेत गरी प्रतिवेदन अनुसूची-८ बमोजिमको ढाँचामा स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

(८) लेखापरीक्षणबाट कुनै पनि खर्च तथा कारोवारको अनियमितता साथै बेरूजु औंल्याइएमा त्यस्तो बेरूजू रकम सम्बन्धित संस्था स्वयंमले फछ्र्यौट तथा फरफारक गर्नुपर्नेछ ।

(९) स्थानीय तहले जीविकोपार्जन सुधार कार्यक्रम संचालन गरे पश्चात कार्यक्रम र खर्चको संक्षिप्त प्रतिवेदन अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालय र सम्बन्धित निकायमा पठाउनुपर्नेछ ।

सचिव

अनुसूची – १

## दफा ६ सँग सम्बन्धित

कार्यक्रमबाट अपेक्षित उपलब्धिहरु

| क.स | मुख्य उपलब्धी | परिणाम वा ईकाइ | कैफियत |
|---|---|---|---|
| १ | विपन्न वा बहुविपन्न महिला, हिंसापिडित महिला,एकल महिला तथा सिमान्तकृत समुदायका महिलाहरुलाई कृषि तथा पशुपालन तथा उत्पादनमुलक क्षेत्र, पर्यटन तथा आतिथ्यता क्षेत्रमा (होमस्टे, ट्रेकिङ, टुर गाइड, वनपैदावार, लोक्ता कागज उद्योग, अल्लो, जडीबुटी उत्पादन तथा प्रशोधन, ढाका बुनाई, होजियारी, मिथिला आर्ट, थान्का चित्र, पौवा चित्र, वेकरी, हस्तकलाका सामान, ड्राइभिङ, प्लम्बीङ, क्रिस्टल, इलेक्ट्रीसियन आदि) तालिम प्राप्त गरेको हुने । | लक्षित वर्गका महिलाले कम्तिमा ५ दिनको तालिम प्राप्त गरेको हुने। | |
| २ | विपन्न वा बहुविपन्न महिला, हिंसापिडित महिला,एकल महिला तथा सिमान्तकृत समुदायका महिलाहरुलाई कृषि तथा पशुपालन तथा उत्पादनमुलक क्षेत्र, पर्यटन तथा आतिथ्यता क्षेत्रमा (होमस्टे, ट्रेकिङ, टुर गाइड, वनपैदावार, लोक्ता कागज उद्योग, अल्लो, जडीबुटी उत्पादन तथा प्रशोधन, ढाका बुनाई, होजियारी, मिथिला आर्ट, थान्का चित्र, पौवा चित्र, वेकरी, हस्तकलाका सामान, ड्राइभिङ, प्लम्बीङ, क्रिस्टल, इलेक्ट्रीसियन आदि) विषयमा तालिमबाट ज्ञान तथा सीप प्राप्त हुनुको साथै अभिबृद्धि भएको हुने । | २५ जना लक्षित वर्गका महिला | |
| ३ | तालिम प्राप्त लक्षित महिलाले व्यवसाय संचालन खर्च अनुदान प्राप्त गरेका हुने। | प्रति व्यक्ति बढीमा टेवा पुँजी अनुदान रु. २६ हजार प्राप्त गरेको हुने । | |
| ४ | उत्पादित बस्तु सेवा तथा सामग्रीको बजार पहुँच अभिवृद्धि भई क्रमशः जीवनस्तरमा सुधार भएको हुने । | लक्षित महिलाले आयआर्जन गरी जीवनस्तर उकासिएको हुने । | |
| ५ | विपन्न महिला समेटिएको स्थानीय संस्थाको कार्य क्षमता विकास भएको हुने। | स्थानीय तहमा निष्क्रिय रहेका महिला संलग्न भएको संस्था स्थापित र क्रियाशील हुँदै जाने । | |

अनुसूची – २

दफा ४ को उपदफा (२) सँग सम्बन्धित

मानव विकास सूचकाङ्कमा पछाडी परेका ५५ जिल्लाको विवरण

| सि.नं | कोशी प्रदेश | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| १ | उदयपुर | रौतहट | सिन्धुली | वाग्लुङ्ग | रोल्पा | कालिकोट | बाजुरा |
| २ | संखुवासभा | महोत्तरी | सिन्धुपाल्चोक | गोरखा | प्युठान | हुम्ला | बझाङ्ग |
| ३ | भोजपुर | सर्लाहि | दोलखा | म्याग्दी | रुकुम पूर्वी | जाजरकोट | अछाम |
| ४ | ताप्लेजुङ्ग | धनुषा | रसुवा | नवलपरासी सुस्ता पूर्व | कपिलवस्तु | मुगु | डोटी |
| ५ | खोटाङ्ग | सिराहा | धादिङ्ग | तनँहु | अर्धाखाची | डोल्पा | बैतडी |
| ६ | सुनसरी | बारा | नुवाकोट | लमजुङ्ग | गुल्मी | जुम्ला | दार्चुला |
| ७ | पाँचथर | पर्सा | रामेछाप | पर्वत | बर्दिया | दैलेख | डडेलधुरा |
| ८ | ओखलढुङ्गा | ससरी | मकवानपुर | मुस्ताङ | बाँके | रुकुम पश्चिम | - |

सचिव

मा. नवल किशोर साह सुडी
मन्त्री

## अनुसूची – २

### दफा ५ सँग सम्बन्धित

कार्यक्रम नामः सबै जिल्लाका कम्तीमा २ स्थानीय तह रहने गरी मानव विकास सुचकाँकमा पछाडी परेका जम्मा १११ स्थानीय तहमा जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन

खर्च शिर्षकः २६३३२ सशर्त अनुदान (चालु)

बजेटः रु. ९ लाख (३४०००१०५ राष्ट्रिय महिला सशक्तिकरण परियोजना)

| क्र.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| कोशी प्रदेश | | |
| १. | धरान उप-महानगरपालिका | सुनसरी |
| २. | खाँदवारी नगरपालिका | सङखुवासभा |
| ३. | इनरुवा नगरपालिका | सुनसरी |
| ४. | कटारी नगरपालिका | उदयपुर |
| ५. | मैवाखोला गाउँपालिका | ताप्लेजुङ |
| ६. | फाल्गुनन्द गाउँपालिका | पाँचथर |
| ७. | माङसेबुङ गाउँपालिका | इलाम |
| ८. | चिचिला गाउँपालिका | सङखुवासभा |
| ९. | अरुण गाउँपालिका | भोजपुर |
| १०. | केपिलासगढी गाउँपालिका | खोटाङ |
| ११. | दिप्रुङ चुइचुम्मा गाउँपालिका | खोटाङ |
| १२. | खिजीदेम्वा गाउँपालिका | ओखलढुङ्गा |
| १३. | चिशंखुगढी गाउँपालिका | ओखलढुंगा |
| १४. | लिखु गाउँपालिका | ओखलढुंगा |
| मधेश प्रदेश | | |
| १५. | वीरगञ्ज महानगरपालिका | पर्सा |
| १६. | जनकपुरधाम उपमहानगरपालिका | धनुषा |
| १७. | कञ्चनरुप नगरपालिका | सप्तरी |
| १८. | खडक नगरपालिका | सप्तरी |
| १९. | सप्तकोशी नगरपालिका | सप्तरी |
| २०. | मिर्चैया नगरपालिका | सिराहा |
| २१. | सिरहा नगरपालिका | सिराहा |
| २२. | सुखीपुर नगरपालिका | सिराहा |
| २३. | कर्जन्हा नगरपालिका | सिराहा |
| २४. | क्षिरेश्वरनाग नगरपालिका | धनुषा |
| २५. | नगराइन नगरपालिका | धनुषा |
| २६. | मिथिला विहारी नगरपालिका | धनुषा |
| २७. | औरही नगरपालिका | महोत्तरी |
| २८. | भँगाहा नगरपालिका | महोत्तरी |
| २९. | मटिहानी नगरपालिका | महोत्तरी |
| ३०. | बलरा नगरपालिका | सर्लाही |
| ३१. | कबिलासी नगरपालिका | सर्लाही |
| ३२. | गरुडा नगरपालिका | रौतहट |
| ३३. | चन्द्रपुर नगरपालिका | रौतहट |
| ३४. | ईशनाथ नगरपालिका | रौतहट |
| ३५. | फतुवा विजयपुर नगरपालिका | रौतहट |
| ३६. | बौधीमाई नगरपालिका | रौतहट |

सचिव

| क.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| ३७. | कोल्हवी नगरपालिका | बारा |
| ३८. | निजगढ नगरपालिका | बारा |
| ३९. | सिम्रौनगढ नगरपालिका | बारा |
| ४०. | बहुदरमाई नगरपालिका | पर्सा |
| ४१. | अग्नीसाइर कृष्णासवरन गाउँपालिका | सप्तरी |
| ४२. | तिलाठी कोईलाडी गाउंपालिका | सप्तरी |
| ४३. | राजगढ गाउँपालिका | सप्तरी |
| ४४. | बरियारपट्टी गाउँपालिका | सिराहा |
| ४५. | सम्सी गाउँपालिका | महोत्तरी |
| ४६. | ब्रह्मपुरी गाउँपालिका | सर्लाही |
| ४७. | दुर्गा भगवती गाउँपालिका | रौतहट |
| ४८. | धोबीनी गाउँपालिका | पर्सा |
| ४९. | सखुवा प्रसौनी गाउँपालिका | पर्सा |
| बागमती प्रदेश | | |
| ५०. | मन्थली नगरपालिका | रामेछाप |
| ५१. | जिरी नगरपालिका | दोलखा |
| ५२. | घ्याङलेख गाउँपालिका | सिन्धुली |
| ५३. | तीनपाटन गाउँपालिका | सिन्धुली |
| ५४. | गौरीशङ्कर गाउँपालिका | दोलखा |
| ५५. | भोटेकोशी गाउँपालिका | सिन्धुपाल्चोक |
| ५६. | कालिका गाउँपालिका | रसुवा |
| ५७. | ज्वालामूखी गाउँपालिका | धादिङ |
| ५८. | शिवपुरी गाउँपालिका | नुवाकोट |
| ५९. | बकैया गाउँपालिका | मकवानपुर |
| ६०. | मनहरी गाउँपालिका | मकवानपुर |

| क.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| गण्डकी प्रदेश | | |
| ६१. | गैंडाकोट नगरपालिका | नवलपरासी |
| ६२. | बन्दिपुर गाउँपालिका | तनहु |
| ६३. | गण्डकी गाउँपालिका | गोरखा |
| ६४. | दोर्दी गाउँपालिका | लमजुङ |
| ६५. | मोदी गाउँपालिका | पर्वत |
| ६६. | ताराखोला गाउँपालिका | बागलुङ |
| ६७. | वढिगाड गाउँपालिका | बागलुङ |
| ६८. | लोमन्थाङ गाउँपालिका | मुस्ताङ |
| लुम्बिनी प्रदेश | | |
| ६९. | नेपालगञ्ज उपमहानगरपालिका | बाँके |
| ७०. | कपिलवस्तु नगरपालिका | कपिलबस्तु |
| ७१. | सन्धिखर्क नगरपालिका | अर्घाखाँची |
| ७२. | कोहलपुर नगरपालिका | बाँके |
| ७३. | बारबर्दिया नगरपालिका | बर्दिया |
| ७४. | मायादेवी गाउँपालिका | रुपन्देही |
| ७५. | विजयनगर गाउँपालिका | कपिलबस्तु |
| ७६. | पाणिनी गाउँपालिका | अर्घाखाँची |
| ७७. | गुल्मीदरबार गाउँपालिका | गुल्मी |
| ७८. | चन्द्रकोट गाउँपालिका | गुल्मी |
| ७९. | मालिका गाउँपालिका | गुल्मी |
| ८०. | भूमे गाउँपालिका | रुकुम (पुर्व) |
| ८१. | परिवर्तन गाउँपालिका | रोल्पा |
| ८२. | माण्डवी गाउँपालिका | प्युठान |
| ८३. | जानकी गाउँपालिका | बाँके |

सचिव

मा. नवल किशोर साह सुडी

| क.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| कर्णाली प्रदेश | | |
| ८४. | चन्दननाथ नगरपालिका | जुम्ला |
| ८५. | आठबिसकोट नगरपालिका | रुकुम (पश्चिम) |
| ८६. | चौरजहारी नगरपालिका | रुकुम (पश्चिम) |
| ८७. | नलगाड नगरपालिका | जाजरकोट |
| ८८. | चामुण्डा बिन्द्रासैनी नगरपालिका | दैलेख |
| ८९. | खत्याड गाउँपालिका | मुगु |
| ९०. | सोरु गाउँपालिका | मुगु |
| ९१. | जगदुल्ला गाउँपालिका | डोल्पा |
| ९२. | सर्केगाड गाउँपालिका | हुम्ला |
| ९३. | सिमकोट गाउँपालिका | हुम्ला |
| ९४. | हिमा गाउँपालिका | जुम्ला |
| ९५. | पचालझरना गाउँपलिका | कालीकोट |
| ९६. | पलाता गाउँपालिका | कालीकोट |
| ९७. | शिवालय गाउँपालिका | जाजरकोट |
| सुदुरपश्चिम प्रदेश | | |
| ९८. | नौमुले गाउँपालिका | दैलेख |
| ९९. | दिपायल सिलगढी नगरपालिका | डोटी |
| १००. | मंगलसेन नगरपालिका | अछाम |
| १०१. | साँफेबगर नगरपालिका | अछाम |
| १०२. | त्रिवेणी नगरपालिका | बाजुरा |
| १०३. | पाटन नगरपालिका | बैतडी |
| १०४. | अमरगढी नगरपालिका | डडेलधुरा |
| १०५. | सायल गाउँपालिका | डोटी |
| १०६. | स्वामीकार्तिक खापर गाउँपालिका | बाजुरा |

| क.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| १०७. | दुर्गाथली गाँउपालिका | बझाङ |
| १०८. | अपिहिमाल गाउँपालिका | दार्चुला |
| १०९. | लेकम गाउँपालिका | दार्चुला |
| ११०. | डीलासैनी गाउँपालिका | बैतडी |
| १११. | नवदुर्गा गाउँपालिका | डडेलधुरा |

सचिव

सचिव

मा. नवल किशोर साह सुडी
मन्त्री

सचिव

अनुसूची -४

दफा १३ को उपदफा (१) सँग सम्बन्धित

प्रस्तावको ढाँचा

१. प्रस्तावदाता संस्थाको विवरण

क. संस्थाको नाम ..................................

ख. ठेगाना.........................................

ग. प्रदेश : ..............................................

घ. जिल्ला : ..............................................

ङ. न.पा./गा.पाः ..........................................................

च. गाँउ/टोलः ..........................................................

छ. सम्पर्क व्यक्तिः ...............................................................

ज. सम्पर्क नम्बरः ...............................................................

२. संस्था दर्ता भएको निकाय नम्बर, मिति तथा जिल्लाः

३. संस्थाको सदस्य सहभागिताको अवस्थाः

| वर्गीकरण | महिला सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | साधारण सदस्यता | | सञ्चालक समितिमा | | कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने | |
| महिला | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| संस्थामा आवद्ध सदस्य (महिला/पुरुष दुबै) | | | | | | |
| अपाङ्गता भएका महिला | | | | | | |
| दलित समुदाय महिला | | | | | | |
| पिछडिएका, अल्पसङ्ख्यक, जनजाति महिला | | | | | | |
| एकल महिला | | | | | | |
| अन्य महिला | | | | | | |
| जम्मा | | | | | | |

नोटः संस्थामा आवद्ध महिला मध्ये अपाङ्गता भएका महिला र एकल महिलाको संख्या कति छ खुलाउनु पर्नेछ।

४. सञ्चालक समितिका पदाधिकारीहरूको विवरण

| क्र.स. | नाम | ठेगाना | सम्पर्क नम्बर | योग्यता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |



सचिव

५. संस्थाको कार्य प्रकृति

सचिव

..........................................................................................................................................................

क. सञ्चालक समितिको बैठक नियमित बसेको/ नबसेको ...............................

ख. गत आ.व. को जम्मा बैठक संख्या .............................

ग. मिति .............................. ............................... ............................

घ. वार्षिक साधारण सभा नियमितता छ छैन

ङ. नियमित साधारण सभा बसेको मिति ..............................

च. नियमित मितिभन्दा पछि बसेको मिति ..............................

छ. लेखा परीक्षण नियमित भएको छ छैन

ज. अन्तिम लेखा परीक्षण भएको मिति ..............................

झ. कार्यसञ्चालन नियमावली छ छैन

६. प्रस्तावित कार्यक्रमको विवरण

क. प्रस्तावित कार्यक्रमको नाम

ख. प्रस्तावित कार्यक्रम सञ्चालन स्थान

ग. कार्यक्रम प्रारम्भ हुने मितिः कार्यक्रम सम्पन्न हुने मितिः

घ. क्षेत्रः कृषि, पशुपालन तथा उत्पादनमूलक, पर्यटन तथा आतिथ्यता, गैह्र कृषि

ङ. प्रस्तावित कार्यक्रमको अवधारणा

..........................................................................................................................................................

..........................................................................................................................................................

च. प्रस्तावित कार्यक्रमको औचित्य

..........................................................................................................................................................

..........................................................................................................................................................

छ. प्रस्तावित कार्यक्रमको उद्देश्य

..........................................................................................................................................................

..........................................................................................................................................................

ज. कार्यक्रम सञ्चालन विधि

- सैद्धान्तिक
- प्रयोगात्मक

झ. प्रस्तावित कार्यक्रमको कुल लागत रु.

- जीविकोपार्जन कार्यक्रमबाट माग गरिएको अनुदान रु. .........................
- संस्थाको स्रोतः नगद वस्तुगत

ञ. प्रस्तावित कार्यक्रमको कार्ययोजना

| सि.नं | क्रियाकलाप | समयावधि | विधि/प्रकृया | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

७. प्रस्तावित व्यवसायको प्रकृति ........................................................

८. व्यवसाय छनौट विधि

.............................................

.............................................

.............................................

९.प्रशिक्षक/सहजकर्ताको

- नाम थरः
- ठेगानाः
- सम्पर्क नं
- अनुभवः

१०. प्रस्तावित कार्यक्रमबाट लाभान्वित लक्षित महिलाको सहभागिता

११. प्रस्तावित व्यवसायको बजारसँगको पहुँच ...............................................

१२. संस्थाको सम्बन्धित कामको अनुभव/अवधि/समय

१३. स्थानीय श्रोत साधन परिचालनको अवस्था

१४. स्थानीय तह/संस्थाको लागत सहभागिता रु

१५. नेपाल सरकारको अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा नगरेको

..........................................................................................................................

१६. व्यवसाय क्षेत्रमा नवप्रवर्तन हुने /नहुने

..........................................................................................................................

अध्यक्षको हस्ताक्षर

.....................................

नाम, थर

संस्थाको नाम, ठेगाना

संस्थाको छाप

सम्पर्क नं.

नोटः माथि उल्लेखित विवरणहरूलाई पुष्टी गर्ने आधिकारिक कागजातहरू समेत यसैसाथ संलग्न गर्नुपर्नेछ ।

अनुसूची- ५

दफा १३ को उपदफा (२) खण्ड(छ) सँग सम्बन्धित

व्यवासायिक योजनाको नमूना ढाँचा

१. व्यवसायको नामः

२. व्यवसायको प्रकृतिः

- कृषि तथा पशुपालन ...........
- पर्यटन तथा आतिथ्यता ............
- गैह्रकृषि ...................

३. व्यवसायको संक्षिप्त परिचयः

..........................................................................................................

..........................................................................................................

४. व्यवसायको उद्देश्यः

..........................................................................................................

..........................................................................................................

५. व्यवसाय सञ्चालन गरिने स्थानः

- वडा नं. .............
- टोलः ..................
- स्थानीय तहः .............................
- जिल्लाः.................... प्रदेशः ..........................

६. अनुमानित कुल लागतः

- चलपुँजी रु. .....................
- अचल पुँजी रु..................
- श्रोतः................

७. प्रयोग हुने कच्चा पदार्थः

- कच्चा पदार्थको नामः ..................
- स्थानीय वा बैदेशिक श्रोतः ......................

८. उत्पादित वस्तुको बजार क्षेत्रः नाम..................... दुरी..................

९. व्यवसायको लागि प्रयोग हुने प्रविधिः


१०. व्यवसायमा संलग्न हुने अनुमानित जनशक्तिः महिला............... पुरुष...............

११. व्यवसायबाट हुने अनुमानित आम्दानी







अनुसूची–६

दफा १४ को खण्ड(ख) र दफा १६ को खण्ड(क) सँग सम्बन्धित

प्रस्ताव मूल्याङ्कनको ढाँचा

| क.स | विवरण | कूल अङ्कभार | संस्थाले प्राप्त गर्ने अंङ्कभार | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थाको उद्देश्य | १५ | - महिलाको जीवनस्तर उकास्न टेवा पुग्ने वा महिला लक्षित भएमा १५ अङ्क<br>- अन्य उद्देश्य रहेमा १० अङ्क | |
| २ | व्यवसायको क्षेत्र | १५ | - कृषि, गैर कृषि र पर्यटन भएमा १५ अङ्क<br>- व्यवसायको क्षेत्र अन्य भएमा १० अङ्क | |
| ३ | सहभागीको अवस्था | १५ | - विपन्न/बहुविपन्न भएमा १५ अङ्क<br>- मिश्रित भएमा १० अङ्क | |
| ४.क | संस्था दर्ता वा सञ्चालन स्थान | १५ | - महिलाहरूबाट मात्र स्थापित/सञ्चालित संस्था भएमा १५ अङ्क<br>- मिश्रित भएमा १० अङ्क | |
| ४.ख | संस्था दर्ता वा सञ्चालन | २० | - सम्बन्धित स्थानीय तह भित्र दर्ता वा स्थापना भएमा २० अङ्क<br>- सम्बन्धित जिल्लाभित्र दर्ता वा स्थापना भएमा १५ अङ्क<br>- सम्बन्धित प्रदेशभित्र दर्ता वा स्थापना भएमा ५ अङ्क | |
| ५ | व्यवस्थापकीय कुशलता (लेखा परीक्षण प्रतिवेदन प्रणाली, साधारण सभा र उपस्थिति संख्या, बैठकको नियमितता, सञ्चालक समितिको निर्वाचन आदि) | १० | - २० प्रतिशत भन्दा बढी भएमा १० अङ्क | |
| ६ | स्थानीय श्रोत साधन परिचालन | १० | - व्यवसायिक योजनामा स्थानीय श्रोत साधन प्रयोग भएमा १० अङ्क<br>- बाह्य श्रोत साधन प्रयोग भएमा ६ अङ्क | |
| | जम्मा | १०० | | |

सचिव

मा. नवल किशोर साह
मन्त्री

## अनुसूची-७

### दफा २०, दफा २१ को उपदफा(२) र दफा २२ को उपदफा(१) सँग सम्बन्धित

### कार्यक्रम सञ्चालन खर्च बाँडफाँड

| सि.नं | क्रियाकलाप | इकाई | परिमाण | दर रू. | प्रति स्थानीय तह बजेट | कुल जम्मा रू. |
|---|---|---|---|---|---|---|
| १ | तालिम संचालन बापतको प्रति स्थानीय तह | पटक | १ | १५०००० | १५०००० | १६६५०००० |
| २ | व्यवसाय सञ्चालन खर्च अनुदान प्रति स्थानीय तह (२५ जना*१११ स्थानीय तह जम्मा २७७५ जना) | जना | २५ | २६००० | ६५०००० | ७२१५०००० |
| ३ | स्थानीय तहलाई सूचना प्रकाशन, अनुगमन व्यवस्थापन र सम्झौताको लागि प्रति स्थानीय तह | पटक | १ | ९०००० | ९०००० | ९९९०००० |
| ४ | विविध | | | १०००० | १०००० | १११०००० |
| | **जम्मा स्वीकृत वार्षिक बजेट** | | | | ९००००० | ९,९९००००० |

**नोटः** तालिम संचालन गर्दा नजिकैका कुनै उत्कृष्ट व्यवसायको स्थलगत अवलोकन तथा व्यवसायीसँगको साक्षात्कार समेत गराउने व्यवस्था गर्ने।

सचिव

मा. नवल किशोर साह सु

मन्त्री

अनुसूची-८

## दफा २२ को उपदफा (७) र (९) सँग सम्बन्धित

**प्रतिवेदनको नमूना ढाँचा**

१. कभर पेज (ब्यानर सहित सहभागीहरुको सामुहिक तस्वीर, पेश गर्ने संस्था/स्थानीय तहको नाम, तालिम सञ्चालन मिति, दस्तखत सहित)

२. कार्यक्रमको नामः.............................................

३. कार्यक्रम सञ्चालनको उद्देश्य

४. कार्यक्रम सञ्चालन भएको विधि/प्रक्रियाः

५. कार्यक्रम सञ्चालन भएको स्थान

६. तालिम कार्यक्रम सञ्चालन भएको मितिः .............................. देखि ..................... सम्म

७. श्रोत व्यक्ति/प्रशिक्षकको विवरणः

| क्र.सं. | नाम थर | पद | योग्यता | अनुभव | सम्पर्क नं. | स्थायी ठेगाना (वडा नं. /स्थानीय तह/जिल्ला) | इमेल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

८. कार्यक्रममा सहभागीहरुको विवरणः

| क्र.सं. | नाम थर | स्थायी ठेगाना (वडा नं. /स्थानीय तह/जिल्ला) | उमेर | जातजाती | सम्पर्क नं. | प्राप्त गरेको टेवा पुँजी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

९. तालिम सञ्चालनको क्रममा छलफलका विषयः

- ..........................................................................
- ..........................................................................
- ..........................................................................

१०. तालिम सञ्चालनमा उत्पन्न भएका समस्या/चुनौती/समाधानका उपायः

| क्र.सं. | समस्या | चुनौती | समाधानका उपाय |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

११. सिकाई/सुझावहरुः

- ..........................................................................
- ..........................................................................

१२. निष्कर्षः

..........................................................................

सचिव

मा. नवल किशोर साह
मन्त्री